# जगरनाथपुर गाँउपालिकाको

## भू-उपयोग मापदण्ड, २०७९

जगरनाथपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जगरनाथपुर, पर्सा
प्रदेश नं. २, नेपाल
२०७३

प्रमाणीकरण गर्नेः

श्री श्रीकान्त प्रसाद यादव

(अध्यक्ष)

श्रीकान्त प्रसाद यादव
गाउँपालिका अध्यक्ष

..............................

दस्तखत

प्रमाणीकरण भएको मितिः२०८०/०१ / २४

जगरनाथपुर गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय

जगरनाथपुर,

मधेश प्रदेश

नेपाल

# जगरनाथपुर गाउँपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी तयार गरिएको मापदण्ड तथा आधारहरु, २०७९

**प्रस्तावनाः**

भूमिको दैध स्थायीत्व अन्त्य, जग्गाको हक सम्बन्धी व्यवस्थापन, भुमिको क्षमता तथा उपयुक्तता र उपयोगिता, भूमिको मौजुदा उपयोग र आवश्यकताका आधारमा भूमिको जोखिम,जटिल प्राकृतिक बनोट समेतलाई व्यवस्थित गराई भू-उपयोगमा अव्यवस्थित खण्डिकरण रोकथाम र सुदृढिकरण, आधुनिकीकरण गर्दै जान वाञ्छनिय भएकोले प्रशासकिय नियमित गर्ने ऐन, २०७५ को दफा ४ (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम साथै,भू-उपयोग ऐन २०७६ तथा भू-उपयोग नियमावली २०७९ को मापदण्ड तथा आधारहरुका अतिरिक्त देहाय अनुसार गाउँपालिकाक्षेत्रको जग्गालाई भू-उपयोग क्षेत्र बर्गीकरण गर्ने प्रयोजनको लागी भू-उपयोग ऐन २०७६ को दफा ५ को उपदफा ४ बमोजीम भू-उपयोग क्षेत्र नक्सालाई अध्याबधिक गर्नको निम्ती मिति २०८०/०१/२४ गते बसेको जगरनाथपुर गाउँ कार्यपालिका एवं स्थानिय भू-उपयोग परिषद्को बैठकबाट यो मापदण्ड र आधार जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः-**

(क) यस मापदण्डको नाम "जगरनाथपुर गाउँपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी तयार गरिएको मापदण्ड तथा आधारहरु, २०७९" रहेको छ ।

(ख) यो मापदण्ड भू-गपयोग परिषद्बाट सिफारिस भई गाँउ कार्यपालिकाको बैठकवाट स्वीकृत भएको मितिबाट जगरनाथपुर गाँउपालिका क्षेत्र भित्र तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा

(क) "ऐन" भन्नाले भू-उपयोग ऐन, २०७६ लाई सम्झनुपर्दछ ।

(ख) "नियमावली" भन्नाले भू-उपयोग नियमावली, २०७९ लाई सम्झनुपर्दछ ।

(ग) "गाउँपालिका" भन्नाले जगरनाथपुर गाउँपालिकालाई सम्झनुपर्दछ ।

(घ) "कार्यपालिका" भन्नाले जगरनाथपुर गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्दछ ।

(ङ) "आवासीय क्षेत्र" भन्नाले मानवीय बासस्थानको लागि प्रयोग भएको घर, जग्गा तथा घरसँग जोडिएको वा नजोडिएको गोठ, भकारी, ग्यारेज, तवेला, इनार, फलफूल बगैंचा, करेसाबारी, आँगन वा त्यस्तै अरु कुनै काममा प्रयोग गरिएको जग्गा सम्झनु पर्छ र सो शब्दले बसोबासको लागि प्रचलित कानून बमोजिम तोकिएको कुनै क्षेत्रलाई समेत जनाउँदछ ।

जगरनाथपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जगरनाथपुर, पर्सा प्रदेश नं.२, नेपाल २०७३

(च) "औद्योगिक क्षेत्र" भन्नाले कुनै पनि कार्यस्थल वा वस्तु उत्पादन गर्ने उद्योग तथा सो सञ्चालन गर्ने प्रयोजनको लागि निर्माण गरिएका भवन, घर, टहराले चर्चेको जग्गा लगायत सो प्रयोजनको लागि छुट्याभएका जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा उद्योग प्रवर्द्धन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम तोकिएको विशेष आर्थिक क्षेत्रलाई समेत जनाउँदछ।

(छ) "कृषि क्षेत्र" भन्नाले कृषि बाली उत्पादन, पशु पन्छी पालन, फार्महाउस, मत्स्यपालन, माहुरीपालन, रेशम खेती लगायत कृषिजन्य उत्पादन, बागवानी वा वनबाटिका, जडिबुटी र कृषि वनको लागि प्रयोग भएको वा हुन सक्ने जग्गा सम्झनु पर्छ।

(ज) "खानी तथा खनिज क्षेत्र" भन्नाले प्रचलित कानून बमोजिम खानी तथा खनिज पदार्थको उत्खनन, उत्पादन, शुद्धीकरण, प्रशोधन, सञ्चय गर्ने प्रयोजनको लागि छुट्याइएको क्षेत्र सम्झनु पर्छ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ञ) "भू-उपयोग" भन्नाले भूमिको उपयोग सम्झनु पर्छ।

(ट) "भू-उपयोग क्षेत्र" भन्नाले ऐनको दफा ४ बमोजिम वर्गीकरण गरिएको क्षेत्र सम्झनु पर्छ।

(ठ) "भू-उपयोग क्षेत्र नक्सा" भन्नाले ऐनको दफा ५ बमोजिम तयार गरिएको भू- उपयोग क्षेत्र नक्सा सम्झनु पर्छ।

(ड) "भू-उपयोग योजना" भन्नाले भू-उपयोगलाई व्यवस्थित गर्न दफा ६ बमोजिम तयार गरिएको योजना सम्झनु पर्छ।

(ढ) "भूमि" भन्नाले पृथ्वीको सतह, सतहभन्दा सिधा तल पृथ्वीको केन्द्रसम्म र सतहभन्दा माथि पृथ्वीको गुरुत्वाकर्षणले भेट्ने सीमासम्मको भाग सम्झनु पर्छ।

(ण) "वन क्षेत्र" भन्नाले प्रचलित कानून बमोजिम तोकिएको वन क्षेत्र सम्झनु पर्छ।

(त) "व्यावसायिक क्षेत्र" भन्नाले बैङ्क, सहकारी र वित्तीय संस्था, पसल, होटेल, प्रदर्शनी कक्ष, पेट्रोल पम्प, गोदामघर, चलचित्र घर, स्वास्थ्य, सञ्चार, मनोरञ्जन सम्बन्धी सेवा, वस्तुको खरिद बिक्री हुने स्थान, कुनै साहित्यिक, वैज्ञानिक, प्राविधिक सेवा, सूचना तथा परामर्श उपलब्ध गराउने संस्था, अन्य कुनै व्यावसायिक प्रयोजनको लागि निर्माण गरिएको भवनले चर्चेको जग्गा तथा सो प्रयोजनको लागि छुट्याईएको जग्गा तथा पर्यटन व्यवसायले चर्चेको जग्गा सम्झनु पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा बजार विस्तार गर्ने गरी प्रचलित कानून बमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउँछ।

(थ) "सांस्कृतिक तथा पुरातात्तिवक महत्तवको क्षेत्र" भन्नाले धार्मिक स्थल, धर्मशाला, पुरातात्विक महत्वका दरवार तथा प्रचलित कानून बमोजिम सांस्कृतिक तथा पुरातात्विक महत्तवका क्षेत्र भनि तोकिएका क्षेत्र सम्झनु पर्छ।

(द) "सार्वजनिक उपयोगको क्षेत्र" भन्नाले विद्यालय, विश्वविद्यालय, छात्रावास, शवदाह स्थल, सडक, सिंचाई कुलो वा नहर, इनार, कुवा, चौतारी, पाटी, पौवा, गौशाला, उद्यान, बसपार्क, विमानस्थल, गौचर, खेलकुद मैदान तथा अन्य सार्वजनिक उपयोगको लागि निर्माण गरिएका भवन, घर, टहरा, स्थान तथा त्यस्ता संरचनाले चर्चेको जग्गा सम्झनु

जगरनाथपुर गाउँपालिका
जगरनाथपुर, पर्सा
प्रदेश नं. २, नेपाल

पर्छ र सो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा सार्वजनिक उपयोगको क्षेत्र भनि प्रचलित कानून बमोजिम तोकिएको क्षेत्रलाई समेत जनाउँछ ।

(ध) "मापदण्ड" भन्नाले जगरनाथपुर गाउँ कार्यपालिकाको कार्यालय, जगरनाथपुर गाउँपालिकाले स्वीकृत मापदण्डलाई जनाउने छ ।

(न) "अनुगमन समीति" भन्नाले यसै मापदण्ड अनुसार गठन गरिएको अनुगमन समीतिलाई जनाउने छ ।

(प) "सडक मापदण्ड" भन्नाले जगरनाथपुर गाउँपालिकाबाट स्वीकृत भएको सडक मापदण्ड सम्झनु पर्नेछ ।

## ३. भू- उपयोग मापदण्ड निर्धारणका आधारहरू

क) विध्यमान भू- उपयोगको अबस्था,
ख) नापी विभागले पठाएको भू -उपयोग क्षेत्र वर्गीकरणको तथ्याङ्क,
ग) सडक , बाटोको पहुंच र सो को वर्गीकरण,
घ) कृषि उत्पादन र उत्पादकत्वको अबस्था,
ङ) वातावरण तथा बिपद संवेदनशीलता ,
च) भू-उपयोग ऐन २०७६,
छ) भू- उपयोग नियमावली २०७९ ,
ज) सामाजिक तथा आर्थिक पूर्वाधारको वितरण,
झ) शहरी बिकास योजना / आयोजना,
ञ) Google Satellite Images,
ट) GIS Analysis,
ठ) वडाबाट आएको राय सुझाव,
ड) विभिन्न क्षेत्रका विज्ञहरु र सर्वदलीय , सर्वपक्षीय भेलाबाट प्राप्त राय सुझाव ।

## ४. भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी मापदण्डहरु

१) हाल उपयोगमा रहेको जग्गालाई यस मापदण्डमा उल्लेख भएकोमा बाहेक नापी बिभागबाट हस्तान्तरण भएको वर्गीकृत भू-उपयोग क्षेत्र बमोजिम नै वर्गीकरण गर्ने।

२) जोखिम लगायत अन्य संवेदनशील तथा मध्यवर्ती क्षेत्रको जग्गालाई नापी बिभागबाट हस्तान्तरण भएको वर्गीकृत भू-उपयोग क्षेत्र बमोजिम नै वर्गीकरण गर्ने।

३) साविक बमोजिमका सरकारी, सार्वजनिक तथा सामुदायिक प्रयोजनका लागि प्रयोग हुने जग्गा, खुल्ला क्षेत्र ,पार्कहरु समेत(सेवा प्रदान गर्ने सरकारी कार्यालय बाहेक)लाई सार्बजनिक क्षेत्रमा बर्गिकरण गर्ने र सो को समुचित संरक्षणको निति ल्याउने ।

४) यस अघि नापी बिभागबाट आवासीय, व्यबसायिक र औधोगिक क्षेत्रमा बिभाजन भएको जग्गालाई सोही वर्गीकरण गर्ने, तर जगरनाथपुर गाउँपालिकाको गुरुयोजना बमोजिम आवश्यकता र उपयुक्तता देखिएमा क्षेत्र परिवर्तन गर्न सक्ने।

५) हाल उपयोगमा रहेको नदिनाला, ताल, तलैया, पोखरी लगायतका पानीजन्य उपयोगमा रहेको क्षेत्रलाई नदि, खोला, तथा सिमसार क्षेत्रमा वर्गीकरण गर्नेर नदि वा खोला क्षेत्रमा बसोबास तथा आवास क्षेत्र बनाउन र बस्न निषेध गर्ने।

६) हाल उपयोगमा रहेका मठ मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायत धार्मिक क्षेत्रले चर्चेको जग्गा, परापूर्वकालमा देखिएका ऐतिहासिक धरोहर, सांस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रहरुलाई सांस्कृतिक तथा पुरातात्विक क्षेत्रमा वर्गीकरण गर्ने।

७) नगरक्षेत्रमा नेपाल सरकार,उध्योग मन्त्रालयबाट स्वीकृत औधोगिक क्षेत्र, औधोगिक ग्राम सञ्चालन सम्बन्धि कार्यबिधि, २०७५ बमोजिम कम्तिमा एक वटा औधोगिक क्षेत्र, औधोगिक ग्राम निर्धारण गर्नेर स्वीकृति लिएर औधोगिक क्रियाकलापमा प्रयोग भइरहेकाजग्गालाई औध्योगिक क्षेत्रमा वर्गीकरण गर्ने।

८) हाल कायम सबै किसिमका बन पैदावर क्षेत्र (निजी जग्गामा भएका बाहेक) लाई बन क्षेत्रमा वर्गीकरण गर्ने।

९) हाल कायम सबै किसिमका निजी जग्गामा भएका घर,गोठ,भवन लाई आवसीय क्षेत्रमा वर्गीकरण गर्ने।।

१०) साविक नाप नक्सा गर्दा गाँउ भनी नापिएको सबै कित्ताहरु लाई आवसीय क्षेत्रमा वर्गीकरण गर्ने।

११) यस मापदण्डले समेट्न नसकेको भू उपयोग क्षेत्र वर्गीकरण यस गा.पा को भू उपयोग नक्सा हेरेर आवश्यक निर्णय गरिनेछ।

१२) हाल चलन चल्तीमा उपयोग भइरहेको पसल, बैंक तथा वित्तीय संस्था, होटल, रेष्टुरा, हाटबजार लाग्ने स्थल, चमेना गृह, खाजा तथाफास्टफुड घर,व्यवसायिक प्रयोजनका लागि उपयोग गर्ने स्टोरेज क्षेत्र, सेवा प्रदान गर्ने सरकारी तथा निजी जग्गा, निजी क्षेत्रबाट संञ्चालित अस्पताल, विद्यालय, क्याम्पस, नर्सिङ होम, पोलिक्लिनिक, रेडियो तथा टेलिभिजन ब्रोडकास्टिङ्ग संस्था, इन्टरनेट सेवा प्रदायक संस्था लाई व्यवसायिक क्षेत्रमा बर्गीकरण गर्ने।

१३) स्थानिय तहबाट स्वीकृती प्राप्त गरी खानी खनिज जन्य पदार्थहरु जस्तै ढुङ्गा, गिटि, बालुवा उत्खनन् गर्ने क्षेत्रलाई खानी तथा खनिज क्षेत्रमा बर्गीकरण गर्ने।

१४) गाँउपालिका हुँदै बग्ने ठुलो बहाब भएका नादिको River Change Pattern Analysis र Flood Risk Assessment गरी बहाव क्षेत्र र जोखिम क्षेत्र पहिचान गरी आवश्यक तटबन्ध गर्ने।

१५) माथि जे जस्तो कुरा लेखिएता पनि Flood Risk Assessment पछि आएकोData मा जोखिम पहीचान भएको क्षेत्र र अन्य प्राकृतिक प्रकोपबाट जोखिम क्षेत्रमा बसोबासमा प्रर्तिवन्ध लगाउन सकिने नीति लिईनेछ , उक्त क्षेत्रमा घर नक्सापासको अनुमति दिईने छैन।

१६) अब उपरान्त यस जगरनाथपुर गाउँपालिका क्षेत्रको जग्गा कित्ताकाट गर्दा भू-उपयोग नियमावली २०७९को दफा १२ मा उल्लेख भए बमोजिम कृषिको लागि न्यूनतम ६७५.०० वर्ग मीटर र आवासको रुपमा न्यूनतम १३० वर्ग मीटर नघट्ने गरी कित्ताकाट गर्न सकिने छ र घडेरीको हकमा कम्तिमा ८ मीटर चौडाई बाटो कायम हुने गरी लगतकट्टा गर्नु पर्ने छ र घर निर्माण गर्दा सडकको चौडाई अनुसार कम्तिमा २ देखि ६ मीटर सम्म सेडब्याक जग्गा छाड्नु पर्ने छ।

१७) कृषि / गैरकृषि क्षेत्र व्यत्तिको जग्गाधनी दर्ता प्रमाण पूर्जामा प्रविष्ट कित्ता नापीमा आधारीत गर्नु पर्ने भएकोले zoning मार्जिनमा परेको जुन कित्ता पुरा क्षेत्रफलको ५० प्रतिशत भन्दा माथि परेको हुन्छ सोहि बमोजिम क्षेत्र कायम गरिनेछ।

१८) पूर्णरुपमा मापदण्ड बमोजिम लगत कट्टा नभएका तर फिल्डमा मापदण्ड अनुसारको सडक भएका सडकहरुको हकमा मात्र फिल्ड निरीक्षण गरेर प्राविधिक प्रतिवेदनको आधारमा मात्र कित्ताकाट सिफारिस गरिनेछ।

१९) माथि उल्लेख भएबमोजिमका अलवा जगरनाथपुर गाउँपालिकामा रहेका तपसिल बमोजिमका क्षेत्रहरुलाई देहाएबमोजिम क्षेत्रमा वर्गीकरण गर्ने-

| वडा नं. | सि.नं | भू-उपयोग क्षेत्र | विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | १. | व्यवसायीक क्षेत्र | छैन। | |
| | २. | आवासिय क्षेत्र | १. उत्तर जिराभवानी गा पा बाट पिपरडारी गाँउ हुँदै दक्षिण विशुनपुर्वा गाँउ सम्म सडकको दाँया बाँया १०० मि।<br>२. टारी बाट दक्षिण पिडारी गुठि गाँउ सम्म आउने सडकको दाँया बाँया १०० मि।<br>३. विशुनपुर्वा गाँउ बाट पूर्व ३०० मि खोल्सी सम्म (*विशुनपुर्वा गाँउबाट टारी हुँदै पुर्व तर्फ पिच सडक सम्म जाने सडक तर्फ*) दाँया बाँया १०० मि।<br>४. उत्तर जितपुरबाट वडा कार्यालय हुँदै दक्षिण जानकिटोला गाँउ जाने सडकको दाँया बाँया १०० मि।<br>५. वडा कार्यालयबाट पश्चिम पिडारी गुठि गाँउ जाने सडकको दाँया बाँया १०० मि। | |
| | ३. | कृषि क्षेत्र | बर्गिकरण गरेर बचेका सम्पुर्ण खेति योग्य व्यक्तिगत जमिन। | |
| | ४. | औधोगिक क्षेत्र | छैन। | |
| | ५. | खानी तथा खनिज क्षेत्र | छैन। | |
| | ६. | बन क्षेत्र | छैन। | |
| | ७. | नदी, खोला,ताल, सिमसार क्षेत्र | औरिय नदि,<br>चमरी नदि | |
| | ८. | सार्वजनिक उपयोगको क्षेत्र | <u>विधालयहरुः-</u><br>श्री ने.रा प्रा वि पिपल डारी थारु टोल , श्री ने.रा प्रा वि पिपल डारी दतित टोल श्री ने.रा प्रा वि विशुनपुर्वा, श्री ने.रा प्रा वि पिडारी, २ मदरसा पिडारी | |



लक्ष्मीकान्त प्रसाद यादव
गाउँपालिका अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | ९. | सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र | **मठ मन्दिरहरु / मस्जित ;**<br>खाँकी बाबा मन्दिर ,हनुमान,शंकर ,ठाकुर बाबा मन्दिर पिडारि<br>शिव मन्दिर पिडारी,ब्रम्ह बाबा मन्दिर पिडारी गुठी<br>रामजानकी र शंकर मन्दिर पिपरडारी<br>रामजानकी मन्दिर विशुनपुर्वा<br>मस्जित साविक ७,९,४,५ वडा मा | |
| | १०. | नेपाल सरकारबाट आवश्यकता अनुसार तोकिएको क्षेत्र | छैन। | |
| २ | १. | व्यवसायीक क्षेत्र | १. जानकिटोला गाँउ चोकलाई केन्द्रविन्दु मानि त्यसको १०० मि Radius वरिपरि क्षेत्र। | |
| | २. | आवासिय क्षेत्र | १. गण्डक नहरबाट जानकिटोला गाँउ हुँदै उत्तर जगरनाथपुर वडा नं १ कार्यालय जाने पिच सडकको दाँया बाँया १५० मि।<br>२. जानकिटोला गाँउ बाट उत्तर जमुनिया गाँउ जाने सडकको दाँया बाँया १५० मि।<br>३. जानकिटोला चोकबाट १ नं वडा कार्यालय जाने सडकको करिब ३५० मि उत्तरमा रहेको मन्दिर ,पोखरी देखि पुर्व तर्फ जमुनिया गाँउ जाने सडकको दाँया बाँया १०० मि।<br>४. ओरिया नदि पारी दशौता गाँउ सबै भूभाग।<br>५. दशौता गाँउबाट उत्तर पिडारी गुठि गाँउ जाने सडकको दाँया बाँया १०० मि।<br>६. पिडारी गुठि गाँउबाट दक्षिण जानकिटोला आउने सडकको दाँया बाँया १०० मि।<br>७. जानकिटोला चोकदेखि पश्चिम शसस्त्र प्रहरी क्याम्प सम्म सडककोदाँया बाँया १५० मि।<br>८. बेलबाग चोक (गण्डक नहर) बाट उत्तर लक्ष्मिपुर (गाँउ र पूर्व स्कुल दुवै तर्फ ) हुँदै जगरनाथपुर गा.पा जाने सडकको दाँया बाँया १५० मि।<br>९. गण्डक नहरक हुँदै जाने उत्तर तर्फ सडकको उत्तर तर्फ १०० मि।<br>१०.जानकिटोला चोक देखि दक्षिण धोविनी गा.पा जाने सडकको दाँया बाँया १०० मि। | |

| | | | |
|---|---|---|---|
| | | ११.ईलाका प्रहरी कार्यालय जानकिटोला देखि दक्षिण धोविनी गा.पा जाने नहर सडकको दाँया बाँया १०० मि। | |
| ३. | कृषि क्षेत्र | बर्गिकरण गरेर बचेका सम्पुर्ण खेति योग्य व्यक्तिगत जमिन। | |
| ४. | औधोगिक क्षेत्र | छैन। | |
| ५. | खानी तथा खनिज क्षेत्र | छैन। | |
| ६. | बन क्षेत्र | छैन। | |
| ७. | नदी, खोला,ताल, सिमसार क्षेत्र | औरिया नदि, | |
| ८. | सार्वजनिक उपयोगको क्षेत्र | विधालयहरुः-<br>श्री ने.रा प्रा वि जानकिटोला, श्री ने.रा प्रा वि लक्ष्मीपुर, श्री ने.रा प्रा वि दशौता, श्री ने.रा प्रा वि पाण्डेपुर,<br>दशौता स्वस्थ्य चौकी<br>जानकिटोला आर्यूवेदिक अस्पताल<br>जानकीटोला खेलकुद मैदान , | |
| ९. | सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र | *मठ मन्दिर / मस्जित :*<br>राधे कृष्ण मन्दिर,शंकर जी मन्दिर जानकीटोला,रामजानकी मन्दिर पाण्डेपुर, रामजानकी मन्दिर लक्ष्मीपुर, रामजानकी मन्दिर दशौता,जानकीटोला मस्जित ,रौनिझोईनी मठ | |
| १०. | नेपाल सरकारबाट आवश्यकता अनुसार तोकिएको क्षेत्र | छैन। | |



जगरनाथपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जगरनाथपुर, प्रदेश नं. २, नेपाल २०७३

| | | | | |
|---|---|---|---|---|
| ३ | १. | व्यवसायीक क्षेत्र | छैन। | |
| | २. | आवासिय क्षेत्र | १. जमुनिया गाँउबाट उत्तर (गडैया-विजवनियां) सडक सम्मको सडकको दाँया बाँया १०० मि।<br>२. विजवनियां गाँउबाट उत्तर खलुचडि हुँदै प्रस्वा गाँउ जाने सडकको दाँया बाँया १०० मि।<br>३. विजवनियां गाँउबाट पश्चिम गडैया गाँउ हुँदै जगरनाथपुर गा.पा १ नं वडा कार्यालय सम्म सडकको दाँया बाँया १०० मि।<br>४. विजवनियां गाँउबाट पूर्व जगरनाथपुर जाने सडकको दाँया बाँया १०० मि।<br>५. जमुनिया गाँउबाट पुर्व जगरनाथपुर जाने सडकको दाँया बाँया १०० मि।<br>६. बडगो गाँउको स्कुललाई केन्द्र विन्दु मानि त्यसको २०० मि वरिपरि क्षेत्र। | |
| | ३. | कृषि क्षेत्र | बर्गिकरण गरेर बचेका सम्पुर्ण खेति योग्य ब्यक्तिगत जमिन। | |
| | ४. | औधोगिक क्षेत्र | गदहिया औद्योगिक क्षेत्र। | |
| | ५. | खानी तथा खनिज क्षेत्र | छैन। | |
| | ६. | बन क्षेत्र | छैन। | |
| | ७. | नदी, खोला,ताल, सिमसार क्षेत्र | चन्द्रावती नदि<br>जमुनिया पोखरी | |



जगरनाथपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जगरनाथपुर, पर्सा प्रदेश नं २ नेपाल

श्रीकान्त प्रसाद यादव गाउँपालिका अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | ८. | सार्वजनिक उपयोगको क्षेत्र | विधालयहरुः-<br>श्री ने.रा मा वि खलि चडि , श्री ने.रा प्रा वि जमुनिया, श्री बाबा विद्यानाथ प्रा वि गडैया, श्री जानकी ने रा प्रा वि विजबनियां,श्री ने.रा प्रा वि खलुचडी साविक ६<br>विजवनियां स्वास्थ्य चौकी | |
| | ९. | सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र | मठ मन्दिर मस्जित :<br>कालि माई मन्दिर साविक विजवनियां १, विजवनियां रामजानकि मन्दिर,रामजानकि मन्दिर जमुनिया ,पिडार माई मन्दिर, ब्रम बाब मन्दिर गडैया, बडगो मन्दिर टोलपुर,शंकर मन्दिर जमुनिया<br>खलुचडी मस्जित साविक ३ र ५ | |
| | १०. | नेपाल सरकारबाट आवश्यकता अनुसार तोकिएको क्षेत्र | छैन। | |
| ४ | १. | व्यवसायीक क्षेत्र | १. जगरनाथपुर गा.पा कार्यालयालाई केन्द्रविन्दु मानि त्यसको ३०० मि Radius वरिपरि क्षेत्र। | |
| | २. | आवासिय क्षेत्र | १. लक्ष्मिपुरबाट जगरनथपुर गाँउ हुँदै उत्तर सुपौली जाने सडकको दाँया बाँया १०० मिटर।<br>२. जगरनाथपुर गाँउ चोकबाट पुर्व गा.पा ४ नं वडा कार्यालय सम्म सडकको दाँया बाँया १०० मि।<br>३. गा.पा वडा नं ४ कार्यालय छेउ हनुमान मन्दिर बाट दक्षिण-पूर्व मसिहानी जाने सडकको दाँया वाँया १०० मि।<br>४. हुलाकी राजमार्गको दाँया बाँया १५० मि।<br>५. सुहपुरबाट सोहरी गाँउ हुँदै उत्तर हुलाकी राजमार्ग सम्म सडकको दाँया बाँया १०० मि।<br>६. सुहपुरबाट उत्तर पूर्व दिशा हुँदै हुलाकी राजमार्ग सम्म सडकको दाँया बाँया १०० मि। | |

| | | | | |
|---|---|---|---|---|
| | | | ७. हुलाकी राजमार्ग मा रहेको हरपुर गाँउबाट पूर्व तर्फ सिसहान टोला जाने सडकको दाँया बाँया १०० मि ।<br>८. सुहपुर गाँउबाट दक्षिण मधुवाह जाने सडकको दाँया बाँया १०० मि ।<br>९. जगरनाथपुर गा.पा वडा नं ४ कार्यालयबाट उत्तर पूर्व मधुवा खोला पुल सम्म सडकको दाँया बाँया १०० मि ।<br>१०. जगरनाथपुरबाट पश्चिम विजवनियां जाने सडकको दाँया वाँया १०० मि ।<br>११. जगरनाथपुर गाँउ देखि पूर्व तर्फ सुहपुर सोहर सडक खण्डमा दाँया बाँया १०० मि ।<br>१२. हुलाकी सडक देखि हरपुर गाँउ जाने सडकको दाँया वाँया १०० मि ।<br>१३. हरपुर गाँउदेखि मोरटोल जाने सडकको दाँया वाँया १०० मि ।<br>१४. हुलाकी सडक मनसा राम को बगैचा देखि मोरटोल सडकको दाँया वाँया १०० मि ।<br>१५. सुहपुर देखि हुलाकी सडक सम्म मुसहर बस्ती हुँदै जाने सडकको दाँया वाँया १०० मि । | |
| | ३. | कृषि क्षेत्र | बर्गिकरण गरेर बचेका संम्पुर्ण खेति योग्य ब्यक्तिगत जमिन । | |
| | ४. | औधोगिक क्षेत्र | छैन । | |
| | ५. | खानी तथा खनिज क्षेत्र | छैन । | |
| | ६. | बन क्षेत्र | छैन । | |
| | ७. | नदी, खोला,ताल, सिमसार क्षेत्र | भलुवाह नदि ,ढोगही नदि,मधुवाह नदि | |

| | | | | |
|---|---|---|---|---|
| | ८. | सार्वजनिक उपयोगको क्षेत्र | विधालयहरुः-<br>श्री ने.रा प्रा वि जगरनाथपुर साविक ४ , श्री मेघराज उपाध्य मेमोरियल प्रा वि, श्री दुर्गा प्रा वि हरपुर ,<br>श्री दिव्य ज्योती ईङ्लीस बोर्डिङ स्कुल, श्री ने रा प्रावि शुहपुर , श्री ने रा प्रा वि शोहरी, श्री जनसेवा प्रा वि | |
| | ९. | सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र | मन्दिरहरु / मस्जित :<br>मस्जित साविक १ ,हनुमान मन्दिर,रामजानकी मन्दिर साविक ४ ,रामजानकी मन्दिर,ब्रम्ह बाबा मन्दिर शुहपुर, रामजानकी मन्दिर,ब्रम्ह बाबा मन्दिर ,शंकर मन्दिर साविक ८ सोहरी, हनुमान मन्दिर,रामजानकी मन्दिर साविक ९ हरपुर | |
| | १०. | नेपाल सरकारबाट आवश्यकता अनुसार तोकिएको क्षेत्र | छैन। | |
| ५ | १. | व्यवसायीक क्षेत्र | छैन। | |
| | २. | आवासिय क्षेत्र | १. चिलझप्टिबाट उत्तर गण्डक नहर ,मसिहानी गाँउ हुँदै मधुवाह गाँउ सम्म सडकको दाँया बाँया १०० मि।<br>२. गण्डक नहर (मसिहानी गाँउ ) देखि धरमपुर वडा कार्यालय चोक हुँदै मधुवाह जाने सडकको दाँया बाँया १०० मि।<br>३. धरमपुर वडा कार्यालय देखि पुर्व झखरा जाने सडकको दाँया बाँया १०० मि।<br>४. गण्डक नहर हुँदै जाने सडकको दक्षिण तर्फ १०० मि।<br>५. झखरा गाँउ बाट दक्षिण गण्डक नहर हुँदै फुलवरीया गाँउ सम्म जाने सडकको पश्चिम तर्फ १०० मि।<br>६. गण्डक नहर बाट पप्पु ईट्टा बाट चिलझप्टि हुँदै फुलवरीया सडकको दाँया बाँया १०० मि।<br>७. गण्डक नहर बाट पप्पु ,आयुस ईट्टा उद्योग हुँदै दक्षिण | |



जगरनाथपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जगरनाथपुर, पर्सा
प्रदेश नं २ नेपाल

| | | | |
|---|---|---|---|
| | | कालिकामाई जाने सडकको दाँया बाँया १०० मि ।<br>८. मधुवाह देखि झखरा सम्म (धरमपुरवा वडा कार्यालय बाट ) उत्तर तर्फ सडकको दाँया बाँया १०० मि ।<br>९. मधुवा देखी बिर्ता जाने सडकको दाँया बाँया १०० मि । | |
| ३. | कृषि क्षेत्र | बर्गिकरण गरेर बचेका सम्पुर्ण खेति योग्य ब्यक्तिगत जमिन । | |
| ४. | औधोगिक क्षेत्र | पप्पु ईट्टा उद्योग ,आयुस ईट्टा उद्योग ,मसिहानी वा ड नं ६ कि नं १६३ | |
| ५. | खानी तथा खनिज क्षेत्र | छैन । | |
| ६. | बन क्षेत्र | छैन । | |
| ७. | नदी, खोला,ताल, सिमसार क्षेत्र | गङ्गोल नदि,सिक्टा नदि । | |
| ८. | सार्वजनिक उपयोगको क्षेत्र | विधालयहरुः-<br>श्री ने.रा मा. वि मसिहानी, श्री ने.रा प्रा. वि चिलझप्टि, श्री मेघराज दलित प्रा वि जगरनाथपुर (विर्ता),<br>श्री बाल बिकास प्रा वि मदुवाह<br>खेलकुद मैदानः<br>मदुवाह खेलकुद मैदान | |



जगरनाथपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जगरनाथपुर, पर्सा प्रदेश नं. २, नेपाल २०७३

गाउँपालिका अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | ९. | सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र | मन्दिरहरु/ मस्जित:-<br><br>मस्जित मसिहानी नहर छेउ,२ वटा रामजानकी मन्दिर चिलझप्टि,सोनामती माई चिलझप्टि ,हनुमान मन्दिर साविक मसिहानी २.सिहोरा माई मन्दिर साबिक ३ वडा चिलझप्टि,सखुनियामाई साविक ३ चिलझप्टि, ब्रम्ह बाबा मन्दिर साबिक ३ वडा चिलझप्टि,सम्पतियामाई-संसारी माई-शिव शंकर मन्दिर साविक मसिहानी -२,चिरैयामाई ,लालमति माई मधुवाह टोल साविक-५,राधा कृष्ण मन्दिर साविक ७ धरमपुर | |
| | १०. | नेपाल सरकारबाट आवश्यकता अनुसार तोकिएको क्षेत्र | छैन। | |
| ६ | १.ह | व्यवसायीक क्षेत्र | छैन। | |
| | २. | आवासिय क्षेत्र | १. प्रसौनी गाँउ देखि बहुअरी गाँउ हुँदै माधवपुर गाँउ सम्म सडकको दाँया वाँया १०० मि।<br>२. गण्डक नहर हुँदै जाने सडकको दाँया बाँया १५० मि।<br>३. हुलाकी सडकको दाँया बाँया १०० मि।<br>४. संठी गाँउ देखि झखरा गाँउ हुँदै दक्षिण गण्डक नहर सम्म सडकको दाँया बाँया ७५ मि।<br>५. हुलाकी सडकबाट औराह गाँउ हुँदै संठी गाँउ सम्मको सडकको दाँया बाँया १०० मि।<br>६. बनकटवा गाँउ हुँदै उत्तर गण्डक नहर पर्सौनी गाँउ सम्म आउने सडकको दाँया बाँया १०० मि।<br>७. हुलाकी सडकदेखी औराह स्कुल जाने सडकको दाँया बाँया १०० मि।<br>८. संठी गाँउ देखि उत्तर मनिर्वा जाने सडकाको दाँया बाँया १०० मि।<br>९. संठी देखि पुर्व सुहपुर जाने सडकको दाँया बाँया १०० मि।<br>१०.प्रसौनी श्री ने रा प्रा वि देखि औराह जाने सडकको दाँया बाँया १०० मि।<br>११.औराह देखि गण्डक नहर जाने सडकको दाँया बाँया १०० मि। | |



जगरनाथपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जगरनाथपुर, पर्सा प्रदेश नं.२, नेपाल

श्रीकान्त प्रसाद यादव गाउँपालिका अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | ३. | कृषि क्षेत्र | बर्गिकरण गरेर बचेका सम्पुर्ण खेति योग्य ब्यक्तिगत जमिन । | |
| | ४. | औधोगिक क्षेत्र | नेहा ईट्टा उद्योग ,अगमेर ईट्टा उद्योग,Bps ईट्टा उद्योग आशा ईट्टा उद्योग । | |
| | ५. | खानी तथा खनिज क्षेत्र | छैन । | |
| | ६. | बन क्षेत्र | छैन । | |
| | ७. | नदी, खोला,ताल, सिमसार क्षेत्र | नौरङ्गीया नदि<br>गङ्गोल नदि | |
| | ८. | सार्वजनिक उपयोगको क्षेत्र | विधालयहरुः-<br>श्री ने.रा मा.वि संठी , श्री ने.रा प्रा .वि औराह ,श्री ने.रा प्रा.वि प्रसौनी, श्री ने.रा प्रा.वि माधोपुर<br>संठी स्वास्थ्य चौकी<br><br>**धर्मशालाः**<br>पर्सौनी धर्मशाला ,बहुअरी धर्मशाला ,संठी धर्मशाला | |
| | ९. | सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र | मन्दिरहरुः-<br>शिव मन्दिर प्रसौनी चोक ,सन्सरी माई हुलाकी सडक ,दुर्गा मन्दिर सइसई बहुअरी,श्री राम जानकी मन्दिर औराह , लालमती माई झखरा , श्री राम जानकी मन्दिर संठी ,ब्रम्हबाबा मन्दिर माधोपुर | |
| | १०. | नेपाल सरकारबाट आवश्यकता अनुसार तोकिएको क्षेत्र | छैन । | |

**मापदण्डको संशोधनः** भू-उपयोग परिषद्को सिफारिसमा गाँउ कार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

**बाधा अड्काउ** : यस मापदण्ड कार्यान्वयनमा कुनै समस्या आएमा स्थानिय भू-उपयोग परिपद्ले बाधा अड्काउ फुकाउन सक्नेछ।

प्रमाणीकर गर्नेः

...............................

श्री श्रीकान्त प्रसाद यादब

(अध्यक्ष)

मितिः २०८०/०१/२४

श्रीकान्त प्रसाद यादव
गाउँपालिका अध्यक्ष

जगरनाथपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जगरनाथपुर, पर्सा
प्रदेश नं. २, नेपाल
२०७३